आज मिति २०७७ साल असाढ २१ गते आइतवारका दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठक तपशिल बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थित

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | अनुपस्थित |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | अनुपस्थित |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | अनुपस्थित |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री याम बहादुर उपरकोटी | |
| १९ | तथ्यांक अधिकृत | श्री धन कुमार राई | |
| २० | प्रशासन अधिकृत (श्री) | श्री बाबुराम के.सी. | |
| २१ | इन्जिनियर | श्री गजेन्द्र कुमार साह | |
| २२ | रोजगार संयोजक | श्री दिपक शर्मा | |
| २३ | एमआइएस अपरेटर | श्री महेश राई | |

प्रस्तावहरुः-

१. **सामाजिक सुरक्षा भत्ता सम्वन्धमा ।**
२. **भुमिहिन सुकुम्वासीको लगत संकलन सम्वन्धमा ।**
३. **"सहकारी ऐन २०७५" को पहिलो संशोधन विधेयक २०७७ सम्वन्धमा ।**
४. **उत्कृष्ट सहकारी छनौट एंव वस्तुगत टेवा सम्वन्धमा ।**
५. **झोलुङ्गे पुल संरक्षकको पारिश्रमिक भुक्तानी सम्वन्धमा ।**
६. **प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धमा ।**
७. **योजना भुक्तानी म्याद थप सम्वन्धमा ।**

निर्णयहरुः

१. उपरोक्त प्रस्ताव नं १ माथि छलफल भै विगतमा भत्ता प्राप्त गरिरहेका तथापी अध्यावधिक गर्दा छुट हुन गएका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको पहिचान गरी वडा कार्यालयवाट पत्र सहित आ.व. २०७६/०७७ को अन्तिम किस्ताका लागि मिति २०७७/०३/२३ गते भित्र गाउँपालिकाको कार्यालयमा पठाउने निर्णय गरियो ।

२. उपरोक्त प्रस्ताव नं २ माथि छलफल भै संघिय सरकारवाट माग भै आएको भुमिहिन, सुकुम्वासी, अव्यवस्थित परिवारको संख्यात्मक विवरण मिति २०७७/०३/२३ गते भित्र वडाकार्यालयवाट गाउँपालिकाको कार्यालयमा संकलन गरि पठाउने निर्णय गरियो ।

३. उपरोक्त प्रस्ताव नं ३ माथि छलफल भै सहकारी ऐन २०७५ लाई संशोधन गर्न वनेको (पहिलो संशोधन ) विधेयक २०७७ लाई गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

४. उपरोक्त प्रस्ताव नं ४ माथि छलफल भै आमचोक गाउँपालिकाको मिति २०७६/०९/०४ गतेको निर्णय वमोजिम विपन्न जनतासंग सहकारी कार्यक्रमको वजेट वाडँफाँड अनुसार आमचोक गाउँपालिकामा कृयाशिल सहकारीहरु मध्ये उत्कृष्ट सहकारी संस्था- ३ लाई वस्तुगत टेवाको लागि रु १,८०,०००।०० वजेट विनियोजन भए वमोजिम आमचोक गाउँपालिका क्षेत्र भित्र संचालित तपशिल वमोजिमका सहकारी संस्था छनौट गरि वस्तुगत टेवा (ल्यापटप कम्प्यूटर १/१ थान) उपलव्ध गर्ने निर्णय गरियो ।

क. श्री नवजागरण कृषि सहकारी संस्था लिमिटेड देवानटार ८ भोजपुर
ख. हिमचुली महिला वचत तथा ऋण सहकारी संस्था लि. पांचा ८ भोजपुर
ग. पव्लिक वचत तथा ऋण सहकारी संस्था लि. पाँचा १ भोजपुर

५. उपरोक्त प्रस्ताव नं ५ माथि छलफल भै आमचोक गाउँपालिका वडा नं १० स्थित एखुवा खोला झोलुंगे पुलको संरक्षकको रुपमा कल्पना राई संग २०७६/०७/२७ गते करार एव नियुक्ति सम्झौता भै वार्षिक ६०००|- पारिश्रमिक उपलव्ध गरिने भए वमोजिम २०७६/०७/२७ गतेवाट अषाढ मसान्त २०७७ सम्मको ८ महिनाको मासिक रु ५०० का दरले ४०००|०० उपलव्ध गर्ने निर्णय गरियो ।

६. उपरोक्त प्रस्ताव नं ६ माथि छलफल भै आ.व. २०७७/०७८ का लागि प्रधानमन्त्रि रोजगार कार्यक्रमका लागि संघिय सरकारवाट प्राप्त हुने वजेट रु ५१,७०,०००|०० का लागि तपशिल वमोजिमका योजना छनौट गरि वजेट वाँडफाड गरि गाउँसभा २०७७ मा पेश गर्ने निर्णय गरियो ।

२०७७/३/२१ प्रमुख प्रशासकीय अधिकृत

२०७७/३/२१ अशोक राई अध्यक्ष

तपशिल

योजनाको नाम वजेट

| सि.न. | योजनाको नाम | वडा नं | वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | चिया कपि विकास कार्यक्रम | १ | ४ लाख | |
| २ | गुम्वा भञ्याङ खर्क सडक मर्मत स्तरोन्नती | १ | २ लाख | |
| ३ | भञ्ज्याङ खर्क वासिङ्थर्पु महादेवस्थान | १ | २ लाख | |
| ४ | जाल्पा प्रा.लि. खेल मैदान निर्माण | १ | १ लाख ५० हजार | |
| ५ | पञ्चायत प्रा.वि. खेल मैदान निर्माण | १ | १ लाख ५० हजार | |
| ५ | भेर्लाङ खेला पसल भञ्ज्याङ गोरेटो वाटो | ३ | ३ लाख | |
| ६ | लहरेमाने देउराली सडक मर्मत | | २ लाख | |
| ७ | चिया कफि कार्यक्रम | ३ | ३ लाख | |
| ८ | वालांखा कालिकोटे वाटो सडक निर्माण | ४ | ३ लाख | |
| ९ | जकटा जोरेकोल गोरेटो वाटो निर्माण | ८ | ३ लाख | |
| १० | वयाङरेङचेङ गोरेटो वाटो | ५ | ४ लाख | |
| ११ | वयाङ देवान्टार गोरेटो वाटो | ६ | १ लाख ५० हजार | |
| १२ | देविथान सार्लुखा वेनाहाङ्ग | ६ | १ लाख ५० हजार | |
| १३ | बसैगाउँ हर्दिला गोरेटो वाटो | ७ | १ लाख | |
| १४ | बसैगाउँ डुम्रे सडक नाली खन्ने | ७ | ३ लाख | |
| १५ | हर्केडाँडा छेहेरे खोला गोरेटोवाटो | ९ | २ लाख | |
| १६ | दुम्माना लाप्ताराङ गोरेटो वाटो | ९ | २ लाख | |
| १७ | घारे सामुदायिक कृषि फर्म | १० | ३ लाख ७० हजार | |
| १८ | कार्कीछाँप मखुवाखोला धारे पहिरो गोरेटो वाटो | १० | २ लाख | |
| १९ | शहिद पार्क तथा सामुदायिक पुस्तकालय भवन मर्मत | ४ | ६ लाख | |
| | जम्मा | | ५१,७०,०००।०० | |

७. उपरोक्त प्रस्ताव नं ७ माथि छलफल भै उपभोक्त समितिको योजना फरफारक र भुक्तानीको म्याद २०७७/०३/२५ गते सम्म थप गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

अशोक राई
अध्यक्ष